# पथरी शनिश्चरे नगरपालिका

मोरङ, कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ३ मितिः२०८०।०३।०६

भाग २

पथरी शनिश्चरे नगरपालिका

कार्यविधिको नामः पथरी शनिश्चरे नगरपालिकाको कर्मचारी तहबृद्धि सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०३।०५

प्रमाणिकरण मितिः २०८०।०३।०६

२०८०।०३।०६

लक्ष्मी प्रसाद खरेल

प्रमुख प्रशासकीय अधिकृत

# पथरी शनिश्चरे नगरपालिकाको कर्मचारी तहवृद्धि सम्बन्धी कार्यविधि , २०८०

**१. प्रस्तावना :**

कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश , २०८० मा भएको कानुनी व्यवस्था अनुसार पथरी शनिश्चरे नगरपालिका , नगर कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई तहवृद्धि गर्न आवश्यक भएकाले सो अध्यादेशको दफा १५४ को अधिकार प्रयोग गरी पथरी शनिश्चरे नगरपालिका , नगर कार्यपालिकाको मिति २०८०।०३।०५ गतेको बैठकबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "पथरी शनिश्चरे नगरपालिकाको कर्मचारी तहवृद्धि सम्बन्धी कार्यविधि , २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**३. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा (क) "अख्तियारवाला" भन्नाले स्थानीय सेवामा नियुक्ति, पदस्थापन र अवकाशको निर्णय गर्ने अधिकारी सम्झनुपर्छ।

(ख) "अध्यादेश" भन्नाले कोशी प्रदेश सरकारद्वारा जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश , २०८० सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले पथरी शनिश्चरे नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि , २०८० लाई सम्झनु पर्दछ ।

(घ) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले पथरी शनिश्चरे नगरपालिका , नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(च) "कार्यपालिका" भन्नाले पथरी शनिश्चरे नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पथरी शनिश्चरे नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) "तह वृद्धि" भन्नाले अध्यादेशको दफा ४ , दफा ८ र दफा २८ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ ।

(झ) "प्रदेश लोकसेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ ।

(ञ) "सिफारिस समिति" ; भन्नाले यो कार्यविधिको दफा ५ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ ।

लक्ष्मी प्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत

(ट) कर्मचारी भन्नाले पथरी शनिश्चरे नगरपालिका नगरपालिकाको सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनुपर्दछ ।

४. **सूचना प्रकाशित गर्नुपर्ने :** (१) अध्यादेशको दफा २८ बमोजिमको तहवृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ एक गते र श्रावण एक गतेबाट ज्येष्ठता कायम हुने गरी प्रमुख प्रशासकीय अधिकृतले तहवृद्धिको निर्णय गर्नुपर्नेछ । सो प्रयोजनका लागि कम्तीमा एक महिना अगावै नगर कार्यपालिका कार्यालयले कार्यालयको वेभसाइटमा सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) सूचना प्रकाशन गर्दा हालको पदमा स्थायी नियुक्ति तथा बढुवा नियुक्ति भएको पत्र , समायोजन पत्र र शैक्षिक योग्यताको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्न लगाउनु पर्नेछ ।

(३) प्रकाशित सूचनामा तोकिएको मिति भित्रमा सम्बन्धित कर्मचारीले सिफारिस समिति समक्ष आवश्यक कागजातसहित निवेदन पेश गर्नु पर्नेछ ।

५. **सिफारिस समिति :** (१) नगरपालिकामा कार्यरत कर्मचारीको तहवृद्धि गर्न तपसिल बमोजिमको तह वृद्धि सिफारिस समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत — अध्यक्ष

(ख) नगर कार्यपालिकाले तोकेको एक जना महिला सहित दुई जना वरिष्ठ कर्मचारी — सदस्य

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा नगर कार्यपालिकाले तोकेका बाहेकका तह वृद्धि हुने सम्भाव्य उम्मेद्वार बाहेकका कर्मचारीलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

(३) उपदफा (१) बमोजिम समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिका पदाधिकारीहरुले नगरपालिकामा गठित अन्य समितिका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउनेछन्।

६. **आवश्यक न्यूनतम योग्यता तथा सेवा अवधि :** (१)स्थानीय सेवामा कार्यरत कर्मचारीको तहवृद्धि गर्दा तहवृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका , पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्यांकनमा औषत नब्बे प्रतिशत अंक प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहायबमोजिम सम्बन्धित सेवा , समूह वा उपसमूहभित्र तहवृद्धि गरिनेछ ।

| क्र.सं. | हालको तह | तहवृद्धि हुने तह | न्यूनतम शैक्षिक सेवा | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य सेवा | स्थानीय स्वास्थ्य सेवा |

(छाप) पथरी शनिश्चरे ... कार्यालय, मोरङ, कोशी प्रदेश, नेपाल

(दस्तखत) लक्ष्मी प्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १ | पाँचौं | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र वा कक्षा १२ उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्युनतम शैक्षिक योग्यता |
| २ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्युनतम शैक्षिक योग्यता |
| ३ | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्युनतम शैक्षिक योग्यता |

७.<u>तह वृद्धि सम्बन्धी विशेष व्यवस्था</u> : (१) अध्यादेशको दफा ८ (१४) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले तहवृद्धिको निर्णय गरी नियुक्तिपत्र दिनेछ ।

(२) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवाबाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधी ५ वर्ष पूरा भएका पाँचौं , सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पूरा गरी क्रमशः छैटौं , आठौं र दशौं तहमा एकतह वृद्धि गरिनेछ ।

(३) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम अधिकृतस्तर सातौं र नवौं तहका पदहरुमा दफा २९ को प्रक्रिया पूरा गरि अध्यादेशमा तोकिएबमोजिमको बढुवा समितिले बढुवा गर्नेछ ।

(४) सङ्घीय लोक सेवा आयोगबाट खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भइसकेका कर्मचारीहरुलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरिदिने । यसरी सातौं तह कायम गर्नुपूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन तथा दरबन्दी स्वीकृत गर्नुपर्नेछ ।

(५) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिमको तहवृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरि नियुक्ती पत्र दिनेछ ।

(६) कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तहवृद्धि हुने ।एक स्थानीय तहबाट अर्को

धरान, कोशी प्रदेश, नेपाल

लक्ष्मी प्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तहवृद्धि गरिनेछ ।

(७) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अध्यादेशको दफा ८ को उपदफा १६ बमोजिम निजामती सेवा बाहेक अन्य सेवाबाट समान पद तथा तहमा समायोजन भई आएका र समायोजन पश्चात तहवृद्धि नभएका नवौं तह सम्मका कर्मचारीहरुलाई एकपटकको लागि अख्तियार वालाले एक तह वृद्धि गर्नेछ ।

(८) उपदफा (७) बमोजिम तह वृद्धि भएका कर्मचारीहरुको पद कुनै पनि कारणले रिक्त भएमा साबिककै पदबाट पद पूर्ति गरिनेछ ।

८.<u>जेष्ठता कायम</u> : (१) यस कार्यविधि बमोजिम तह वृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ बाट जेष्ठता कायम हुनेछ ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि यो कार्यविधिको दफा ७ को उपदफा ४ बमोजिम तहवृद्धि हुने कर्मचारीको हकमा भने अध्यादेश जारी भएकै मितिबाट ज्येष्ठता कायम हुनेछ ।

९) बाधा अड्चन फुकाउने : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा नगर कार्यपालिकामा रहनेछ ।

१०) तहवृद्धि गर्न नहुने : (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेद्वार हुन पाउने छैन र उक्त अवधिभर निजको तहवृद्धि समेत रोक्का गरिनेछ ।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर

(ग) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर

(घ) अध्यादेशको दफा ४२ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर

(ङ) असाधारण विदा वा अध्ययन विदामा बसेको मा सो विदाको अवधिभर

(च)स्थानीय स्वास्थ्य सेवाका कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषद्मा नाम दर्ता निलम्वन भएको भए त्यस्तो निलम्वनको अवधिभर ।

लक्ष्मी प्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत

११) जानकारी दिनुपर्ने : (१) यस कार्यविधि बमोजिम गरिएको तहवृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र प्रदेश किताबखाना , मन्त्रालय र प्रदेश लोकसेवा आयोगलाई दिनुपर्नेछ ।

१२) उजुरी/गुनासो : (१) तहवृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र प्रदेश लोकसेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

१३) प्रचलित कानून बमोजिम हुने : (१) यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१४) खारेजी तथा बचाउः यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अध्यादेशको व्यवस्था बमोजिम यो कार्यविधि जारी हुनुपूर्व भएका तहवृद्धिलाई यसै कार्यविधि अन्तर्गत भएको मानिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

कार्यविधिको दफा ४ को उपदफा (३) सँग सम्बन्धित

## <u>तहवृद्धि आवेदन फारम</u>

मितिः

श्री अध्यक्षज्यू,
तह वृद्धि सिफारिस समिति
पथरी शनिश्चरे नगरपालिका, मोरङ।

[illegible] वृद्धि गरि पाउँ।

प्रस्तुत विषयमा यस नगरपालिकाको तह वृद्धि सिफारिस समितिको मिति ........................... गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तोकिए बमोजिमका कागजात संलग्न राखी निवेदन पेश गरेको छु।

| हालसालै खिचेको पासपोर्ट साईजको फोटो |
|---|

| दर्ता नं- |
|---|
| दर्ता मिति- |

१.सूचनाको विवरणः

तहवृद्धिको सूचना नं-.......................  .........  मिति-......................................
सेवा/समुह -..............................  तहवृद्धि हुने तह-..............................

२.उम्मेदवारको विवरणः

उम्मेदवारको नाम/थर(देवानागीमा )-.................................................
उम्मेदवारको नाम/थर(अंग्रेजी ठूलो अक्षरमा)..........................................
ठेगाना -.........................................  कार्यालय-.........................................सेवा-.........................
समुह /उपसमुह-................................,पद-......................................(हालको) ,संकेत न-..........................
सम्पर्क नं ....................................
बाबुको नाम-.......................................
आमाको नाम-.................................................

५. हाल कार्यरत पद सम्बन्धी विवरणः

| क्र. सं. | पदको नाम/तह/सेवा/समुह | कार्यालयको नाम | नियुक्ति वा बढुवा मिति | बहाल रहेको मिति | | असाधारण विदा बसेको भए | | हालको पदमा(खुल्ला,बढुवा,समायोजन,सरुवा) | स्थायी नियुक्ति गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | देखि | सम्म | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| | | | | | | | | | |

४. तहबृद्धिका लागि योग्य भए/नभएको अवस्था :-

(क) विभागिय कार्वाही भएको/नभएको.........., भएको भए कुन कारवाही भएको ........... र कार्वाही सकिने अवधि उल्लेखगर्नुहोस............।

(ख) स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ बमोजिम तहबृद्धि हुने पदका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/नगरेको ......................।

(ग) असाधारण र अध्ययन विदा बसेको /नबसेको ................, बसेको भए अवधि उल्लेख गर्नुहोस......।

(घ) निलम्बनमा परे/नपरेको .......................।

(ङ) पेशासँग सम्बन्धित व्यवसायी परिषदको प्रमाण पत्रको अवधि..........

(च) माथी उल्लेखित विवरण ठिक छ । झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला भनि सहिछापा गर्ने ।

कर्मचारीको नाम/थर

..................................

पद/तह -..........................

संकेत नं...................................

दस्तखत र मिति -.......................

(क) आवेदक कर्मचारीले समायोजन हुनु पूर्व/समायोजन पश्चात/ नियुक्ति पछि गरि हालको तहमा पुरा गरेको सेवा अवधि

................ वर्ष.............महिना...........दिन ।

क) आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्यसम्पादन मुल्याङ्कन वापत प्राप्ताङ्क र सो को औसत –

अ) आ.व. ................/........................को प्राप्ताङ्क ........................................

आ) आ.व. ..................../............................ को प्राप्ताङ्क ..................................

इ) आ.व. ..................../.............................. को प्राप्ताङ्क ..............................

औसत प्राप्ताङ्क ................................................

ख) स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा १ तथा तहबृद्धि सम्बन्धि कार्यविधि ,२०८० को दफा ३ को उपदफा ४ बमोजिम न्यूनतम योग्यता र मापदण्ड पूरा गरेको देखिएकोले निजलाई हाल कार्यरत तहबाट सोही सेवा,समुह/उप समुहमा एक तहबृद्धि गर्ने निर्णय गरियो।

निर्णय मिति- ............................ तहबृद्धि निर्णय लागु हुने मिति-.......................

तहबृद्धि हुने तह-............................ सेवा -........................................

समुह/उप समुह-................................ पद-........................................

| | | |
|---|---|---|
| ........................... | ......................... | ....................................... |
| सदस्य | सदस्य | संयोजक |
| नाम/थर............ | नाम/थर...................... | नाम/थर...................... |
| पद-................... | पद-.............................. | पद........................... |
| संकेत नं | संकेत नं | संकेत नं |

CamScanner

अनुसूची – २

(कार्यविधिको दफा ६ र ७ सँग सम्बन्धित)

तह बृद्धि पत्रको ढाँचा

पत्र सं. :

चलानी नं. :

मिति : २---/--/--

विषयः तह बृद्धि गरिएको ।

तपाईंलाई यस पथरी शनिश्चरे नगरपालिका , नगर कार्यपालिकाको कार्यालयको मिति ............. गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा .... को उपदफा .....अनुसार मिति ......................देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तह वृद्धि गरिएको छ । तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना छ ।

तपसिल :

| हाल कार्यरत पद | तहवृद्धि गरिएको पद |
|---|---|
| पद : | पद : |
| सेवा : | सेवा : |
| समूह | समूह |
| तह : | तह : |
| कार्यालय : | कार्यालय :- |

श्री ------------------------------

कर्मचारी संकेत नं. : ------

बोधार्थ :

..........................................

प्रमुख प्रशासकीय अधिकृत

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय , सिंहदरवार , काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर मोरङ्ग ।

श्री प्रदेश लोक सेवा आयोग , विराटनगर , मोरङ्ग , कोशी प्रदेश ।

श्री प्रदेश किताबखाना , विराटनगर , मोरङ्ग , कोशी प्रदेश ।

श्री नागरिक लगानी कोष , नयाँ बानेश्वर , काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय , मोरङ्ग ।

श्री कर्मचारी सञ्चयकोष , ठमेल , काठमाडौं ।

श्री आर्थिक प्रशासन शाखा , पथरी शनिश्चरे नगरपालिका , नगर कार्यपालिकाको कार्यालय ।

आज्ञाले

लक्ष्मी प्रसाद खरेल

प्रमुख प्रशासकीय अधिकृत

२०८०/०३/१३

लक्ष्मी प्रसाद खरेल

प्रमुख प्रशासकीय अधिकृत